नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
ताहाचल, काठमाडौं, नेपाल
फोन नं. +९७७-१४५९८०१३/१४५९८०१४
इमेलः info@aepc.gov.np वेवसाइटः www.aepc.gov.np

## आ.व. २०८३/८४ मा यस केन्द्र मार्फत् कार्यान्वयन हुने स्वच्छ ऊर्जा प्रविधि सम्बन्धी कार्यक्रमको लागि स्थानिय तहहरुबाट माग संकलन सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८३।०४।१५**

**निवेदन बुझाउने अन्तिम मिति : २०८३।०५।०४ (कार्यालय समय भित्र)**

केन्द्रले विगतका आ.व.हरु देखि खाना पकाउने स्वच्छ ऊर्जा प्रविधि प्रवर्द्धन तथा जडान गर्ने कार्यक्रम कार्यान्वयन गर्दै आइरहेकोमा चालु आ.व. २०८३/८४ मा समेत उक्त कार्यक्रम कार्यान्वयन गर्ने लक्ष्य लिएको छ। उक्त कार्यक्रम स्थानिय तहहरुको लागत साझेदारीमा कार्यान्वयन गरिने हुदाँ इच्छुक स्थानिय तहहरुका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | कार्यक्रमको विवरण | आवेदन पेश गर्न माग फाराम साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु |
|---|---|---|
| १. | लागत साझेदारीमा स्वच्छ ऊर्जा प्रविधि कार्यक्रम अन्तर्गत विद्युतीय चुलो प्रवर्द्धन कार्यक्रम | १. सम्बन्धित स्थानिय तहहरुको लागत सहभागिता अन्तर्गत व्यहोर्न सक्ने बजेट र सोको प्रतिवद्धता सहितको पत्र।<br>२. आवेदन फाराम विधिवत् रुपमा भरिएको हुनुपर्छ। (निवेदनको ढाँचा केन्द्रको वेवसाइटबाट प्राप्त गर्न सकिने)<br>३. वडा कार्यालयहरुको हकमा सम्बन्धित पालिकाको सिफारिस पत्र साथै पालिका वा स्थानिय तहहरुको वजेट तथा चुलो संख्या सम्बन्धि सुनिश्चित गर्नुपर्ने।<br>४. माग गरिएको विद्युतीय चुलोको स्थानमा प्रयोगमा आउन सक्ने विद्युतीय संरचना रहेको नेपाल विद्युत प्राधिकरणको सम्बन्धित वितरण शाखा मार्फत यकिन पत्र। |

**नोट :- हरित जलबायु कोषको सहयोगमा केन्द्रबाट तराईका २२ जिल्लाहरुमा स्वच्छ ऊर्जा कार्यक्रम (CCS) कार्यान्वयन भइरहेकोले सो जिल्ला वाहेकका जिल्लाहरुमा कार्यक्रम लागु हुने व्यहोरा जानकारी गराइन्छ।**

**यस कार्यक्रम सम्बन्धी सम्पूर्ण जानकारी यस केन्द्रको वेवसाइट www.aepc.gov.np बाट प्राप्त गर्न सकिनेछ।**